# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

खण्ड २] काठमाडौं मार्ग १६ गते २००१ साल [ संख्या १५

## भाग ३

### उद्योग वाणिज्य र खाद्यविभागको सूचना

अबदेखि नेपाल तराईका जिल्लाहरूबाट धान, चामल र अरू खाद्यपदार्थ विदेशतर्फ निकासी गर्नालाई लाइसेन्स लिई निकासी गर्न पर्दैन। ठेकिएको महसूल लिई निकासी गर्न दिए हुन्छ। तर जिल्ला गोस्वाराका बडाहाकिमले तपसी-लको कुरा राम्रोसँग ख्याल गर्नुहोला।

तपसील

विदेशीहरू आई जथाभावी खरिद गरी लैजान नपाउन्, विदेशीबाहेक सबै जनाले आफूलाई बढी भएको अनाज बजार- —महसूल तिरी आफूखुशी लगी बिक्री गर्न पाउनुपर्छ । यसमा पोहर साल निकासीको सैकडा १५ राख्नुपर्छ भन्ने नियम भएको थियो। त्यसो गर्नाको कारण बिक्री गर्ने नियम गरी सबै अनाज निकासी गर्लाकि भनी गरेको हो। तर सबै जनाले आफ्नु व्यवहार घरखर्च खेतिलाई छुट्याई मात्र बाहिर निकासी गर्ने नियम र कर्तव्य-

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समेत भएकोले यस्तो कुरामा सरकारबाट नियन्त्रण राख्नुनपर्ने हुँदा बडाहाकिमले आफ्ना जिल्लाका रैतीहरूलाई आफ्नो घरखर्च खेती र अरू व्यवहारलाई चाहिने राखी मात्र अरू बिक्री गर्ने कुरा सम्झाउने। कुनै जिल्ला मौजा फगन्नामा अनाजको उत्पादन कम भई भुखमरी पर्ने सम्भावना परेमा सो ठाउँका रैतीहरूको अनाज निकासी बन्द होस् भन्ने मनसाय बुझिएमा जिल्लाका बडाहाकिमले बेलैमा यस्को पूरा विवरणसहितको रिपोर्ट यस सचिवालयमा पेश गर्नुपर्छ र निकासा भएबमोजिम गर्नुपर्छ।

## एजेन्सि बारेको सूचना

आज अघी एजेन्सि लिई राख्ने र अब उप्रान्त एजेन्सि लिनेले समेत आफुले लिएका एजेन्सिको एगृमेन्ट र सो मालको पाउने कमिशन समेत खोली श्रीवाणिज्यबर्धकसंस्थामा दरखास्त दिनु सो दरखास्त एगृमेन्ट बमोजिम जाँची सो संस्थाबाट मुनासिव ठहराइ मुख्त्यार छेउ साधी निकासा दिए बमोजिम कमिसन समेत लिन पाउने कबुलियत गराइ पास पुर्जी दिनेछन् भन्ने बारे १९९२ सालमा इश्तिहार भएकोमा धेरैजसोले सो बमोजिम एजेन्सिबा डिस्ट्रीब्यूटरसिपको दर्तागराउन नआएको देखिनाले यो सूचना प्रकासित गर्नेकाम भएको छ। माथि उल्लेख गरिए बमोजिम एजेन्सि डिष्ट्रीब्यूटरसिप सेलिङ्ग एजेन्सि समेत लिई राख्नेले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस बिभागमा एगृमेन्टर पाउने कमिसन समेत खोलि दरखास्त गर्नु भै जो चाहीने इजाजत लिने काम गर्नु होला। अन्यथा यस बिभागबाट सदर नगराइ एजेन्सि, डिष्ट्रीब्यूटरसिप र सेलिङ्ग एजेन्सि लिई राखेको ठहरिएमा सख्त कारवाई गरिने छ। अब उप्रान्त लिनचाहनेहरूले पनि यस बिभागको स्वीकृति लिई कनमात्र एजेन्सि बा डिष्ट्रीब्यूटरसिप लिने प्रबन्ध गर्नु होला।

डाइरेक्टर श्री सरदार विष्णु ध्वज जोशी
उद्योग विभाग अफिसर इन्चार्ज
१००५

गोरखापत्र छापाखानाबाट प्रकाशित

१६४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।